बुद्धभूमि नगरपालिकाको राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि २०७४ को अनुसूची -२
दफा ४ तथा अनुसूची १ को भाग २ सँग सम्बन्धित

# बुद्धभूमि राजपत्र

## कपिलवस्तु

## (स्थानीय राजपत्र)

खण्ड १ बर्ष ५ अंक १४ मिति : कार्तिक ७ गते २०७८

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम बुद्धभूमि नगरपालिकाले बनाएको तल उल्लेखित बमोजिमको कार्यविधी, निर्देशिका सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ।

## भाग -२

# साना कृषि मेशिनरी उपकरण अनुदान कार्यक्रम कार्यविधि २०७७ तथा साना कृषि मोशिनगरी उपकरण अनुदान कार्यक्रम कार्यविधि २०७७ को र साना सिचाई (मोटर तथा पम्पसेट) मा ७० प्रतिशत अनुदानमा वितरण कार्यक्रम कार्यविधि २०७७ को देहायका दफाहरूमा देहाय बमोजिम संशोधन भएकाले सरोकारवालालाई जानकारी सम्बन्धमा

*कार्यपालिका निर्णय मितिः २०७८।६।२१ गते*

क) साना कृषि मेशिनरी उपकरण अनुदान कार्यक्रम कार्यविधि २०७७ को ४ को कार्य सञ्चालन र प्रकृयाको ४.२ मा यस कार्यक्रममा सम्मिलित हुन बुँदा नम्बर ४.३ बमोजिम मापदण्ड पुरा गरेका इच्छुक समूह/कृषि सहकारी/फर्म रहेकोमा व्यवसायिक कृषक थप तथा ४.३ को छनौटका मापदण्डमा व्यवसायिक कृषक कम्तिमा ७ कठ्ठा व्यवसायिक खेती गरेको थप गरी संशोधन गर्ने निर्णय गरियो ।

ख) नगरपालिकाद्वारा जारी साना कृषि मोशिनगरी उपकरण अनुदान कार्यक्रम कार्यविधि २०७७ को र साना सिचाई (मोटर तथा पम्पसेट) मा ७० प्रतिशत अनुदानमा वितरण कार्यक्रम कार्यविधि २०७७ को ४ को कार्य संचालन र प्रकृयाको ४.२ मा यस कार्यक्रममा सम्मिलित हुन बुँदा नं. ४.३ बमोजिम मापदण्ड पुरा गरेका इच्छुक समुह / कृषि सहकारी/फर्म रहेकोमा व्यवसायिक कृषक थप तथा ५ मा छनौटका मापदण्डमा व्यवसायिक कृषक कम्तिमा ५ कठ्ठामा लिज वा भाडामा व्यवसायिक खेती गरेको थप गरी संशोधन गर्ने र साना सिचाई (मोटर तथा पम्पसेट) मा ७०% अनुदानमा वितरण कार्यक्रम कार्यविधि २०७७ मा देहाय बमोजिम संशोधन गरी राजपत्रमा प्रकाशन गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

आज्ञाले
अनिल पौडेल
प्रमुख प्रशासकीय अधिकृत